नरैनापुर गाँउपालिका
# गाउँकार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बनी प्रदेश, नेपाल

पत्र संख्या :-२०७७/०७८ मिति २०७८/०१/०३
चलानी नम्वर :-

विषय :- अत्यन्त जरुरी अपील ।

हाल नेपालमा कोभिड-१९ संक्रमण बढी रहेको र यसले प्रभावित हुनेहरुको संख्या र उमेर समुहमा पहिला दिनहरुमा अत्याधिक फरकपना सहितको बृद्धि भईरहेको पाइएपछि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य आपतकालिन तथा विपद् व्यवस्थापन इकाई स्वास्थ्य आपतकालिन कार्य सन्चालन केन्द्रको मिति २०७८।०१।०२ गतेको प्रकाशित अपिल तथा जिल्ला प्रशासन कार्यालय बाँकेको मिति २०७८।०१।०२ गते भएको निर्णय कार्यन्वयन गर्न का लागि यस नरैनापुर गाउँपालिका बाँकेको विपद व्यस्थापन समितिको मिति २०७८।०१।०३ गते बसेको बैठक मा देहाय बमोजिम निर्णय भएको हुदा सम्बन्धित सबैले निर्णय कार्यन्वयन गर्ने प्रकृयामा आवश्यक सहयोग तथा योगदान पुऱ्याउनु हुन हार्दिक अपिल गरिएको छ ।

तपसिल

१) यस नरैनापुर गाउँपालिकाको खुल्ला सिमानामा जस्तै सुइया , घोडदौरिया, तथा हुलासपुर्वा नाकामा राखिएको हेल्प डेस्कमा छिमेकी मुलुक भारतबाट फर्किएका कामदार तथा व्यक्तिहरुलाई कडाईका साथ स्वास्थ्य चेक जाँच गरी कोभिड-१९ लक्षण देखिएका व्यक्तिहरुलाई आर डि टी परिक्षण गरी पोजिटिभ देखिएको खण्डमा क्वारेन्टाइनमा पठाउने र ३ दिन पछि पी सी आर परिक्षण गरी पोजिटिभ देखिएका विरामीलाई कोभिड -१९ अस्थायी अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र लक्षमणपुरमा पठाउने व्यवस्था मिलाउन नरैनापुर गाउँपालिकाको स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरिएको ।

२) कोभिड-१९ विरुद्ध जनस्वास्थ्यका मापदण्ड पालनका लागि सामुदाय तहमा व्यापक प्रचार प्रसार र चेतनामुलक सन्देश प्रशारण गर्न सबै वडा तहहरुमा अनुरोध गर्ने निर्णय गरिएको ।

३) यस नरैनापुर गाउँपालिकाको सिमाना सँग जोडिएको छिमेकी मुलुक भारतको प्रान्त तथा जिल्लाहरुमा समेत कोभिड-१९ को संक्रमण दर उच्च रुपमा बढिरहेको ले छिमेकी मुलुकको विभिन्न जिल्ला प्रान्त बाट आउने कामदारहरुको आर डि टी जाँच बाट पोजिटिभ देखिएका व्यक्तिहरुलाई यस गाउँपालिकाले तोकेको क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने तथा उक्त क्वारेन्टाइन व्यवस्थापन कार्यका लागि सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा पाँच देखि सात सदस्यीय क्वारेन्टाइन सन्चालन तथा व्यवस्थापन समिति गठन गर्न वडा तहहरुमा पत्राचार गर्ने निर्णय गरिएको ।

४) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आपतकालिन कार्य सन्चालन केन्द्रको मिति २०७८।०१।०२ गते को अपिल तथा जिल्ला प्रशासन कार्यालय बाँके को मिति २०७८।०१।०२ गतेको निर्णय माथि विचार विर्मश गर्दा बाँके जिल्ला जोखिम अवस्थामा रहेको त्यस मध्ये नरैनापुर गाउँपालिका भारतको खुल्ला सिमाना सँग जोडिएको कारण संक्रमण बढने सम्भावना बढि हुने हुदाँ सो लाई प्रारम्भिक चरणमा कोभिड-१९ को नियन्त्रणका लागि मेरो स्वास्थ्य मेरो

लक्ष्मी कान्त मिश्रा
सूचना अधिकारी

जिम्मेवारी भन्ने भावना राखेर मिति २०७८।०१।०५ गते देखि लागु हुने गरी १० दिन सम्मका लागि निजी तथा सामुदाकि विद्यालय, शिक्षण संस्थाहरु बन्द गर्ने र विद्यालयको आन्तरिक कार्य का लागि सबै शिक्षक शिक्षिका ज्युहरु विद्यालयमा अनिवार्य उपस्थित हुने गरी यस गाउँ पालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा सिफारिस गर्ने निर्णय गरिएको ।

५) क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा पहिलो चरणमा गाउँपालिकाले तोकेको क्वारेन्टाइन मध्ये श्री नेरा प्रावि खोदावाँ विद्यालयलाई क्वारेन्टाइनको रुपमा कार्यन्वयनमा ल्याई सो विद्यालयमा २५ जना व्यक्तिलाई व्यवस्थापन हुने गरी व्यवस्था मिलाउन विपद व्यस्थापन शाखा नरैनापुर लाई निर्देशन दिने निर्णय गरिएको

६) कोभिड-१९ महामारी नियन्त्रणका लागि सन्चालन हुने हेल्थ डेस्क, क्वारेन्टाइन तथा आइसोलेशन केन्द्र र कोभिड-१९ अस्थायी अस्पतालको अनुगमन सुपरिवेक्षणका लागि ११ सदस्यीय देहाय बमोजिमको समिति गठन गर्ने गरी निर्णय गरिएको ।

तपसिल

१) श्री इशितयाक अहमद शाह - संयोजक नरैनापुर गाउँपालिका अध्यक्ष
२) श्री मसुद अहमद शाह - सदस्य २ नं.वडा अध्यक्ष
३) श्री विजय कुमार यादव - सदस्य योजना शाखा प्रमुख
४) श्री प्रदिप कुमार यादव - सदस्य ईन्जिनियर
५) श्री कृष्ण कुमार थारु - सदस्य शिक्षा युवा तथा खेलकुद शाखा प्रमख
६) श्री बसन्त गौतम -सदस्य ई.प्र.का.भगवानपुर ईन्चाजि
७) श्री हर्क बहादुर थापा - सदस्य सशस्त्र बेश क्याम्प पण्डितपर्वा ईन्चाजि
८) श्री सालिक राम शाहु -सदस्य नेपाल रेडक्रस सोसाइटी सभापति उपशाखा गंगापुर
९) श्री नगेन्द्र कुमार शाह -सदस्य स्वास्थ्य शाखा प्रमुख नरैनापुर
१०) श्री विनय प्रकाश दिक्षित - सदस्य स्थानिय पत्रकार
११) श्री लक्ष्मीकान्त मिश्रा - सदस्य सचिव विपद व्यवस्थापन शाखा प्रमुख

७८।०१।०२

लक्ष्मीकान्त मिश्रा
(सुचना अधिकारी)